# एसइइ परीक्षाको प्रश्न नं ६क मा सोधिने प्रश्न

## परीक्षणीय पक्षः शब्दनिर्माण,अङ्कभार–४

### उपसर्ग र प्रत्ययबाट शब्द निर्माण –२, समास,विग्रह,दित्वबाट शब्द निर्माण–२

क) बढीमा ३ वाक्यसम्मको अनुच्छेद दिई अनुच्छेदबाट २ ओटा उपसर्ग र २ ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी निर्माण प्रक्रिया समेत देखाउन लगाउने ।
( यसरी प्रश्न निर्माण गर्दा पाठ्यक्रमले निर्देश गरेका उपसर्ग र प्रत्ययभित्रबाट पर्ने गरी सोध्ने)

ख) बढीमा ३ वाक्य सम्मको अनुच्छेद दिई अनुच्छेदबाट एउटा समस्त शव्द पहिचान गरी विग्रह गर्ने र एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउने र द्वित्व भएर बनेका कुनै दुई शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउन लगाउने ।

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

## १. उपसर्गद्वारा शब्द निर्माण (पाठ्यक्रमले निर्धारण गरेका उपसर्ग)

(अ, अन, कु, बि, गैर, बद, ना, अधि, अनु, अभि, अति, अव, अप, आ, उप, उत्, दुर्, दुस्, नि, निर्, परा, परि, प्र, प्रति, वि, सम्, सु)

## १. उपसर्गद्वारा शब्द निर्माण

- आफैँमा स्वतन्त्र अर्थ दिन नसक्ने तर मुल शब्दमा जोडिएपछि त्यसको अर्थमा विचलन ल्याउन सक्ने भाषिक तत्त्व(सर्ग) लाई उपसर्ग भनिन्छ ।
- यो शब्दमा अगाडि जोडिने हुनाले पूर्वसर्ग पनि भनिन्छ ।
- एउटा मूल शब्दमा धेरै उपसर्गहरू लाग्न सक्छन् र तिनले भिन्नभिन्नै अर्थ सिर्जना गर्न सक्छन् ।
- मान मूल शब्दमा अप,अनु,निर्,वि,प्र,अभि,परि जस्ता उपसर्ग लाग्छन् र फरक फरक शब्द निर्माण हुन्छन् ।

# एसइइ परीक्षाको प्रश्न नं ६क मा सोधिने प्रश्न

## १. उपसर्गद्वारा शब्द निर्माण (पाठ्यक्रमले निर्धारण गरेका उपसर्ग)

अ– अबेर,अबेला,असजिलो,अगतिलो,अकाल,अनिदो,अटेर

अन–अनपढ,अनजान,अनमेल,अनमोल,अनगिन्ती,अनकन्टार,अनपत्यार

कु– कुपुत्र,कुकर्म, कुविचार,कुरूप,कुमार्ग, कुलत,कुपात्र,कुबेला

बि – बिछोड, बिखर्ची,बिकाम,बिहोस, बिजोर,बिहाल,बिजोग,बिरसिलो

गैर– गैरसरकारी,गैरजिम्मेदार,गैरआवासीय,गैरकानुनी, गैरसंवैधानिक,गैरप्रजातान्त्रिक

बद– बदनाम,बदनियत,बदमास,बदचलन,बदमासी,बदख्वाइँ

ना– नालायक,नाजायज,नातागत,नाबालक,नाजवाफ,नामञ्जुर,नाहक

# एसइइ परीक्षाको प्रश्न नं ६क मा सोधिने प्रश्न

## १. उपसर्गद्वारा शब्द निर्माण (पाठ्यक्रमले निर्धारण गरेका उपसर्ग)

अधि– अधिकार,अधिकृत,अधिवक्ता,अधिनायक, अध्ययन,अध्यादेश

अनु– अनुकरण,अनुभव,अनुमान,अनुवाद,अनुशासन, अनुराग, अन्वय,अनुच्छेद

अभि– अभिमान,अभियोग,अभिभावक,अभिलेख,अभिरुचि,अभिनेता,अभियान,अभ्यस्त

अति– अतियुक्ति,अत्याचार,अत्यन्त,अतिरिक्त,अतिरिक्त,अत्युत्तम,अत्यावश्यक

अव– अवगुण,अवरोध,अवशेष,अवतार,अवकाश,अवचेतना,अवलोकन,अवान्तर

अप–अपमान,अपवाद,अपशब्द,अपराध,अपहरण,अपव्यय,अपेक्षा,अपाङ्ग

आ– आचार,आदेश,आधार,आयोग,आहार,आकृति,आयाम,आचरण

# एसइइ परीक्षाको प्रश्न नं ६ क मा सोधिने प्रश्न

## १. उपसर्गद्वारा शब्द निर्माण (पाठ्यक्रमले निर्धारण गरेका उपसर्ग)

उप–उपकार,उपदेश,उपहार,उपचार,उपयोग,उपेक्षा,उपसर्ग,उपाध्याय

उत्– उत्सर्ग,उत्कर्ष,उत्थान,उत्गम,उत्दण्ड,उद्देश्य,उत्चारण,उज्वल

दुर् – दुर्गति,दुर्जन,दुर्गुण,दुर्भाग्य,दुर्लभ,दुर्गन्ध,दुराचार,दुराशा

दुस्– दुष्कर्म,दुश्चरित्र,दुष्चेष्टा, दुष्कार्य,दुस्साहस,दुःसाध्य

नि– निबन्ध,नियोग,नियम,नियोजन, निवास,निगम,निधन,निकुञ्ज

निर्–निर्धन,निर्बल,निर्जल,निर्देश,निर्भय,निर्जीव,निराशा,निरक्षर

परा–पराजय,पराक्रम,पराजित,परापूर्व,पराकाष्ठा,परास्त

# एसइइ परीक्षाको प्रश्न नं ६क मा सोधिने प्रश्न

## १. उपसर्गद्वारा शब्द निर्माण (पाठ्यक्रमले निर्धारण गरेका उपसर्ग)

परि– परिचय,परिवर्तन,परियोजना,परिवार,परिभाषा,परीक्षा,परिवेश,पर्यटन

प्र– प्रचार,प्रकार,प्रवेश,प्रयोग,प्राचार्य,प्रदेश,प्रकाश,प्राध्यापक

प्रति– प्रतिनिधि,प्रतिकार,प्रतिरोध,प्रतिगमन,प्रतिपक्ष,प्रत्येक,प्रत्यक्ष,प्रतिफल

वि– विवाद,विकास,विदेश,विकार,विगत,व्यापक,व्याकुल,विलोप

सम्–संवाद,संहार,संसार,संवेदना,संवेग,सङ्कल्प,सन्देश,सम्पुर्ण

सु– सुपुत्र,सुमार्ग,सुयोग्य,सुवर्ण,सुगन्ध,स्वागत,सुनाम,सुक्त

# एसइइ परीक्षाको प्रश्न नं ६ क मा सोधिने प्रश्न

## २. प्रत्ययद्वारा शब्द निर्माण (पाठ्यक्रमले निर्धारण गरेका प्रत्यय)

(अक्कड, अत, अन्त, आइ, आइँ, आउ, आली, आलु, आवट, आहा, इयार, इया, इलो , ई, उवा, ए, एली, ती, ओ , ओट, ली, ले, अक, अन, अनीय, इक, इत, ईन, ता, तव्य, ति, त्व, मय, वान्, मान्, य)

धातुमा जोडिने प्रत्ययलाई कृत प्रत्यय भनिन्छ भने यसरी बनेका शब्दलाई कृदन्त भनिन्छ ।

धातुबाहेक शब्दवर्गका नाम, सर्वनाम, विशेषण र अव्ययमा लाग्ने प्रत्ययलाई तद्धित प्रत्यय भनिन्छ  भने तद्धित प्रत्यय लागेर बनेका शब्दलाई तद्धितान्त भनिन्छ ।

## २. प्रत्ययद्वारा शब्द निर्माण (पाठ्यक्रमले निर्धारण गरेका प्रत्यय)

अक्कड– बोलक्कड,बुझक्कड,भुलक्कड,घुमक्कड,पियक्कड,डुलक्कड

अत– लागत,बचत,खपत,आवत,जावत,लिखत

अन्त – हलन्त,भिडन्त,रटन्त,डुलन्त,कृदन्त,लेखन्त

आइ – पढाइ,लेखाइ, भनाइ,गराइ,डुलाइ,जोताइ

आइँ –फटाइँ, रजाइँ, रोपाइँ,बुद्ध्याइँ,मुर्ख्याइँ,धुर्त्याइँ

आउ – पक्राउ,जनाउ,टिकाउ,घेराउ,बचाउ,पिराउ

आली –माझाली,लेकाली,थकाली,दङाली,एसियाली,थकाली,अपुताली

# एसइइ परीक्षाको प्रश्न नं ६ क मा सोधिने प्रश्न

## २. प्रत्ययद्वारा शब्द निर्माण (पाठ्यक्रमले निर्धारण गरेका प्रत्यय)

आलु– दुधालु,सिपालु,बिखालु,मायालु,दयालु,तिर्खालु

आवट– बचाबट, बनावट,सजावट,थकावट,लेखावट

आहा –बसाहा,मिचाहा,सुताहा,पिराहा,चुसाहा

इयार – हतियार,सँधियार,अंशियार, होसियार,मतियार

इया – सहरीया,भरिया,खटिया,हटिया,झगडिया,घरानिया

इलो – रसिलो,नुनिलो,धारिलो,मलिलो,गुनिलो,बाफिलो

ई –नेपाली, पहाडी, भारती,रोगी, गरिबी, कपटी

## २. प्रत्ययद्वारा शब्द निर्माण (पाठ्यक्रमले निर्धारण गरेका प्रत्यय)

उवा– भगुवा,हरुवा,थुनुवा,कुरुवा,सेकुवा,घिचुवा

ए – पाखे, कोदे, पहाडे, तासे,ओठे,ढोके

एली – पुर्वेली,जुरेली,मिर्मेली,खिदिमेली

ती – घुम्ती,गन्ती,बस्ती,चल्ती,भर्ती,खन्ती

ओ – छापो,घोचो, चिरो,तिरो,रोपो,घेरो

ओट – छनोट, बनोट ,बुनोट,लेखोट, ढलोट

ली –झापाली,पाल्पाली,रोल्पाली,एसियाली,दुम्जाली

# एसइइ परीक्षाको प्रश्न नं ६ क मा सोधिने प्रश्न

## २. प्रत्ययद्वारा शब्द निर्माण (पाठ्यक्रमले निर्धारण गरेका प्रत्यय)

ले – गाउँले, भादगाउँले, ठिमीले,आँख्ले

अक – लेखक, पाठक, दर्शक, सूचक, वादक

अन – लेखन, पठन, दर्शन, भाषण, भोजन, मोचन

अनीय – दर्शनीय,पठनीय,मननीय,पूजनीय,रमणीय,श्रवणीय

इक – धार्मिक, आर्थिक,सामाजिक,शैक्षिक,पारिवारिक,मौलिक

इत – लिखित,कथित,पतित,पठित,पालित,रचित

ईन – नवीन, कालीन, युगीन, ग्रामीण, कुलीन,प्राचीन

## २. प्रत्ययद्वारा शब्द निर्माण (पाठ्यक्रमले निर्धारण गरेका प्रत्यय)

ता –कर्ता,श्रोता,नेता,वच्+ता= वक्ता, सृज +ता= स्रष्टा

तव्य –गन्तव्य,वक्तव्य,कर्तव्य,द्रष्टव्य, ज्ञातव्य

ति –गति, मति, कृति, मुक्ति, नीति, गीति

त्व – व्यक्तित्व, कृतित्व, जातित्व, दासत्व, मानवत्व, महत्त्व

मय – जलमय, स्थलमय, सुखमय, दुःखमय, अन्नमय, रहस्यमय

वान् – गुणवान्, बलबान्, नाशवान्, चरित्रवान्,मूल्यवान्, धनवान्

मान् – बुद्धिवान्, श्रीमान्, गतिमान्, शक्तिमान्, कीर्तिमान्

य –काव्य, धैर्य,सौन्दर्य, माधुर्य, शौर्य

# एसइइ परीक्षाको प्रश्न नं ६ क मा सोधिने प्रश्न

प्रश्न नं ६ को ‘क’ मा सोधिएका प्रश्नहरू(उपसर्ग र प्रत्यय – २ अङ्क)

**दिइएको अनुच्छेद पढी दुईओटा उपसर्ग र दुईओटा प्रत्यय शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :**

## १. २०८१ कोसी

प्र.नं. ६(क) आयुर्वेद चिकित्सासम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धान प्रविधि– लाई व्यापक र व्यावहारिक बनाउने उद्देश्यका साथ विभिन्न शैक्षिक संस्था स्थापना भएका छन् । त्यहाँ उपचार गर्न गाउँले र सहरिया मानिस आउँछन ।

## २. २०८१ मधेस

प्र.नं. ६(क) हिमाली दृश्यको अवलोकन गर्न पाइने अनि नेपालीको हार्दिक स्वागतमा चुर्लुम्म डुब्न पाइने हुनाले विदेशीहरू नेपाललाई आफ्नो पर्यटकीय गन्तव्य बनाउँछन् ।

## ३. २०८१ बागमती

प्र.नं. ६(क) नागरिकका अधिकारलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा मौलिक अधिकारका रूपमा विभिन्न हकको व्यवस्था गरिएको छ ।

# एसइइ परीक्षाको प्रश्न नं ६ क मा सोधिने प्रश्न

४. २०८१ गण्डकी

प्र.नं. ६(क) मानवीय संवेदनाको युगीन लय पक्रेर कलाकृति सिर्जना गर्ने कलाकार संसारमा बिरलै जन्मिन्छन् । विलक्षण प्रतिभा भएका पाब्लो पिकासोका नसा नसामा जन्मजात कलाकारिता प्रवाहित थियो ।

५. २०८१ लुम्बिनी

प्र.नं. ६(क) देवकोटाले जीवनमा पारिवारिक वियोगका असह्य पीडा खप्नुपर्यो । दुःखमा परे तापनि उनले विभिन्न विधामा कलम चलाएका छन् । त्यस बेला उनले लेखेका रचनामा आफन्तको मृत्युबाट सिर्जित वेदनाका साथै प्राकृतिक स्वच्छन्दता र भावमय विषयको वर्णन गरिएको पाइन्छ ।

६. २०८१ कर्णाली

प्र.नं. ६(क) आयुर्वेदिक उपचार गर्न भनी हिँडेका बुद्धिमान् दङ्गाली प्रज्ज्वलले अस्पतालमा पुगेर डाक्टरलाई अभिवादन गरे । धनकुटे चिकित्सकले अभिवादन फर्काउँदै शिष्टताको परिचय दिए ।

७. २०८१ सुदूरपश्चिम

प्र.नं. ६(क) कानून समाजको अपरिहार्य तत्त्व हो । यसले मानवीय आचरण तथा व्यवहारलाई नैतिक र सामाजिक आयामबाट परिभाषित गर्छ । राज्यका असीमित अधिकारलाई नियन्त्रण गरी प्रशासनलाई चुस्त बनाउन कानुन अनिवार्य हुन्छ ।

# एसइइ परीक्षाको प्रश्न नं ६ क मा सोधिने प्रश्न

८. २०८० ग्रेड वृद्धि परीक्षा

प्र.नं. ६(क) योगबाट आत्मिक सुख मिल्छ । शरीरका भित्री अङ्गको व्यायाम योगबाट मात्र सम्भव छ । मनको विकार हटाइ सत्कर्ममा लागेर व्यक्तित्व निर्माण गर्न योगको आवश्यकता पर्दछ ।

९. २०८० कोसी

प्र.नं. ६(क) गरिबी र स्वार्थीपनले सामाजिक भेदभावका घटना बढ्दै गएका छन् । वर्गीय विभेद चुलिँदै छ । अधिकार खोज्ने र कर्तव्य बिर्सनेहरूको सङ्ख्या अनगिन्ती छ ।

१०. २०८० मधेस

प्र.नं. ६(क) आधुनिक समाजले परम्परागत दुष्प्रवृत्ति हटाउँदै मानव जीवनलाई स्तरोन्नति गर्नुपर्छ । कुप्रथा हटाएर समुन्नत समाजको परिकल्पनालाई साकार बनाउनु हाम्रो कर्तव्य हो ।

११. २०८० बागमती

प्र.नं. ६(क) निराश मनले होइन, उत्साहका साथ गाउँले तत्कालीन परिस्थितिको अवलोकन गरे । उनीहरूले नेपालको राष्ट्रिय गरिमा उचाइमा पुऱ्याउने आफ्नो इच्छा व्यक्त गरे ।

# एसइइ परीक्षाको प्रश्न नं ६ क मा सोधिने प्रश्न

१२. २०८० गण्डकी

प्र.नं. ६(क) पर्यटकको उपस्थितिले हाम्रो सामाजिक र सांस्कृतिक वातावरणमाथि प्रतिकूल प्रभाव पर्न र पार्न दिनुहुँदैन । यस अभियानमा हामी सबै जुटौं । यो असल भावनाको विकसित रूप हो ।

१३. २०८० लुम्बिनी

प्र.नं. ६(क) वर्तमान तथ्याङ्कले प्रतिवर्ष लगभग एघार लाख विदेशी पर्यटक नेपाल भित्रिने गरेको देखाउँछ । पर्यटक ती हुन् ; जो नेपालको पुरातात्त्विक, प्राकृतिक र सांस्कृतिक पक्षको अवलोकन गर्न र मनोरञ्जन लिन आउँछन् ।

१४. २०८० कर्णाली

प्र.नं. ६(क) हामीले आफ्नो मौलिक र जातीय पहिचान बोकेको नेपाली संस्कृतिको अवमूल्यन नगरी तिनको संरक्षणमा विशेष ध्यान दिनुपर्छ ।

१५. २०८० सुदूरपश्चिम

प्र.नं. ६(क )आजकल युवापुस्तामा र्‍याप गीत निकै प्रचलित छ । अश्वेत जातिमाथि श्वेत जातिले गरेका शोषण विरुद्ध आक्रोशको रुपमा व्यक्त हुँदै यो गीतको सुरुआत भएको हो । अहिले आएर सामाजिक विकृति र प्रेमको विषयमा गाइन्छन् ।

# समास,विग्रह र द्वित्व

रातमा अन्धो –रतन्धो
तीन भुजको समूह– त्रिभुज
हरेक दिन –हरदिन
सानी आमा– सानिमा
चन्द्र जस्तो बिन्दु– चन्द्रबिन्दु
आठ धातुको समूह –अष्टधातु

आफ्नो + आफ्नो = आआफ्नो
जसको + जसको =जजसको
बानी + बानी = आनीबानी
खर्च + खर्च = खर्चपर्च
पालो + पालो = आलोपालो

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

**प्रश्न नं ६ (ख)दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र दुईओटा द्वित्व शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् : (२)**

१. २०८१ कोसी प्र.नं. ६ख वनमा बास बस्न गाह्रो भएपछि परदेश लागेका दाजुभाइ घर फर्किए । भानिज दाइले उनीहरूलाई खुसी हुँदै स्वागत गरे। जान्नेसुन्ने मान्छेले उनीहरूलाई ससाना कुरादेखि ठुल्ठुला कुराको चुरो बुझाए ।

२. २०८१ मधेस प्र.नं. ६ख अब भानिज दाइका कुरा सुनौं, धेरै वादविवाद नगरौं। हामी प्रतिदिन झन्झन् रोगग्रस्त बन्दै गएका छौं त्यसैले आआफ्नो ख्याल गरौँ । होइन भने हरेक समय हामी अझै कमजोर बन्दै जाने छौं । त्यसैले पोसिला खानासाना खाएर बलिया बनौँ ।

३. २०८१ बागमती प्र.नं. ६ख बुबा बैठककोठामा हुनुहुन्थ्यो । आज भोलि बुबा टिभी हेर्नुहुन्छ । उहाँको हातमा रिमोट थियो । दाहिने हातको बुढीऔँलाले रिमोट थिचिरहनुभएको देखेँ । टिभीमा ससानो आवाजमा गीत बज्न थाल्यो । मैले भान्साकोठाबाट चिया र बिस्कुट ल्याएँ । बुबाले त चियासिया खान्न भन्दै हुनुहुन्थ्यो तर मैले कर गरेर खान दिएँ ।

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

## १. तत्पुरुष समास

| विग्रहित पदावली | समास |
|---|---|
| भाइलाई मारा | भाइमारा |
| बाढीले पीडित | बाढीपीडित |
| जीवनका निम्ति उपयोगी | जीवनोपयोगी |
| देशबाट निकाला | देशनिकाला |
| गाईको जात्रा | गाईजात्रा |
| जगतका ईश्वर | जगदीश्वर |

परिभाषाः
विभक्ति चिन्हको लोप भएर बन्ने समास नै तत्पुरुष समास हो ।

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

## २. कर्मधारय समास

| विग्रहित पदावली | समास |
|---|---|
| भानिज दाइ | भान्दाइ |
| सानी नानी | सान्नानी |
| गहुँझै गोरो | गहुँगोरो |
| जेठो बाठो | जेठोबाठो |
| भवरुपी सागर | भवसागर |
| सिंहको जस्तो नाद | सिंहनाद |

परिभाषाः
नाम र नाम,विशेषण र नाम,विशेषण र विशेषण शब्दहरूका बिचमा समास भई पछिल्लो शब्द(शब्दार्थ)प्रमुख हुने समास नै कर्मधारय समास हो ।

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

## ३. अव्ययीभाव समास

| विग्रहित पदावली | समास |
| --- | --- |
| आज भोलि | आजभोलि |
| रात दिन | रातदिन |
| प्रत्येक बर्ष | प्रतिबर्ष |
| आज्ञा अनुसार | आज्ञानुसार |
| देश बाहिर | देशबाहिर |
| वारि पारि | वारिपारि |

परिभाषाः
अव्ययको अव्ययसँग वा अन्य पदहरूका बिचमा समास भई अव्ययकै अर्थ दिने समास अव्ययीभाव समास हो ।

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

## ४. द्विगु समास

| विग्रहित पदावली | समास |
| --- | --- |
| दुईमनको समूह | दोमन |
| तीन नदीको समूह | त्रिवेणी |
| चार बन्दीको समूह | चौबन्दी |
| पाँच तत्वको समूह | पञ्चतत्व |
| छ यन्त्रको समूह | षड्यन्त्र |
| दश अवतारको समूह | दशावतार |

परिभाषाः
सङ्ख्यात्मक शब्दसँग नाम मिलेर समूहबोधक समस्त शब्द बन्ने प्रक्रिया नै द्विगु समास हो ।

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

## ५. द्वन्द्व समास

| विग्रहित पदावली | समास |
| --- | --- |
| दाजु र भाइ | दाजुभाइ |
| पाप वा पुण्य | पापपुण्य |
| शब्द पनि अर्थ पनि | शब्दार्थ |
| न रुनु न हाँस्नु | रुनुनहाँस्नु |
| दुःख एवम् दर्द | दुःखदर्द |
| मन,वचन र कर्म | मनवचनकर्म |

परिभाषाः
समान महत्त्व भएका शब्दहरूको मेल भई नयाँ शब्द बन्ने प्रक्रिया द्वन्द्व समास हो ।

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

## ६. बहुब्रिही समास

| विग्रहित पदावली | समास |
|---|---|
| हात्तीका जस्ता पाइला भएको | हात्तीपाइले |
| मृगका जस्ता नयन भएकी | मृगनयनी |
| माछाका जस्ता आँखा भएकी | मिनाक्षी |
| चन्द्रमाको जस्तो मुख भएकी | चन्द्रमुखी |
| लामा खुट्टा छन् जसका | लामखुट्टे |
| नील कण्ठ भएको | नीलकण्ठ |

परिभाषाः
समस्त शब्दभित्र रहेका शब्दले मुल अर्थलाई छोडी अन्य अर्थ प्रदान गर्ने समास बहुब्रिही समास हो ।

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

## द्वित्व

| शब्द | द्वित्व प्रक्रिया | द्विरुक्त शव्द |
|---|---|---|
| आफू | आफू + आफू | आफूआफू |
| हामी | हामी + हामी | हामीहामी |
| आफू | आफू + आफू | आआफू |
| जसको | जसको + जसको | जजसको |
| भात | भात + भात | भातसात |
| पानी | पानी + पानी | पानीसानी |

कुनै शब्द वा शब्दाशं दोहोरिएर शब्द निर्माण हुने प्रक्रियालाई द्वित्व भनिन्छ ।

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

# एसइइ परीक्षाको प्रशन नं ६ ख मा सोधिने प्रशन

## द्वित्वका प्रकार

### द्वित्व

- पुर्ण द्वित्व
- आंशिक द्वित्व
- आपरिवर्तित द्वित्व

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

## पूर्ण द्वित्व

| शब्द | द्वित्व प्रक्रिया | द्विरुक्त शव्द |
|---|---|---|
| आफू | आफू + आफू | आफूआफू |
| हामी | हामी + हामी | हामीहामी |
| अघि | अघि + अघि | अघिअघि |
| बार | बार + बार | बारबार |
| खै | खै + खै | भातसात |
| रातो | रातो + रातो | रातोरातो |

पुरै शब्द दोहोरिएर शब्द निर्माण हुने प्रक्रियालाई नै पूर्ण द्वित्व भनिन्छ ।

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

## आंशिक द्वित्व

| शब्द | द्वित्व प्रक्रिया | द्विरुक्त शव्द |
|---|---|---|
| साना | साना + साना | ससाना |
| आफ्नो | आफ्नो + आफ्नो | आआफ्नो |
| आफू | आफू + आफू | आआफू |
| जसको | जसको + जसको | जजसको |
| झल्को | झल्को + झल्को | झझल्को |
| तातो | तातो + तातो | तात्तातो |

शब्द भित्रको कुनै अंश दोहोरिएर शब्द निर्माण हुने प्रक्रियालाई आंशिक द्वित्व भनिन्छ ।

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

**आपरिवर्तित द्वित्व**

| शब्द | द्वित्व प्रक्रिया | द्विरुक्त शब्द |
|---|---|---|
| खर्च | खर्च + खर्च | खर्चपर्च |
| पैचो | पैचो + पैचो | ऐचोपैचो |
| दोहोर | दोहोर + दोहोर | ओहोरदोहोर |
| पालो | पालो + पालो | आलोपालो |
| भात | भात + भात | भातसात |
| बानी | बानी + बानी | आनीबानी |

कुनै शब्द दोहोरिदाँ ध्वनि परिवर्तन भई शब्द निर्माण हुने प्रक्रियालाई आपरिवर्तित द्वित्व भनिन्छ ।

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

४. २०८१ गण्डकी प्र.नं. ६ख हाम्रा ठुलो बुबा धोक्रेसुरुवाल लगाएर सबैको घरघरमा डुली कसैको घरमा भैझगडा भएको छ कि भनी कुरा बुझ्नुहुन्थ्यो। उहाँ हरबखत सबैलाई आआफ्नो कामसाम समयमै गर्नुपर्छ भनेर सरसल्लाह पनि दिनुहुन्थ्यो। उहाँ पानीको घट्टमा पिँधेको मकैको पिठो खुब मन पराउनुहुन्थ्यो ।

५.२०८१ लुम्बिनी प्र.नं. ६ख मामा र माइजू आजभोलि विदेश गएर खुब रमाइलो गर्दै मुसुमुसु हाँसी फोटो खिच्न मस्त हुनुहुन्छ । उहाँहरूका छोराछोरी विदेशमा काम छोडी बसेका छन्। पराक्रम देखाएर गरी खानुका सट्टा अपमान सहेर अरूको निर्भरतामा बस्नु कायरता हो ।

६. २०८१ कर्णाली प्र.नं. ६ख म आज भातसात केही खान्न भन्दै डाँडाघरे सप्तकोसीतिर हिँडे। छोराले तिनलाई बाटामा भेट्यो र भन्यो, सान्कान्छा माघेसङ्क्रान्तिमा "बा ! कोसीको पारी नजानु है ।" उनले छोरालाई भने, "धेरै मकर स्नान गनगन नगर । बाटाका लागि खर्च कटाएर भए पनि तीन नदीको गर्न
सङ्गम स्थलबाट मर्मसला हालेको मिठाई ल्याइदिउँला ।"

७. २०८१ सुदूरपश्चिम प्र.नं. ६ख भुइँचालो आएपछि मानिस घरबाट बाहिर निस्के । लामो समयसम्म ससाना धक्का पटक पटक आउँदा भानिजदाइ समाजको सेवा गर्न खाद्यपदार्थ बोकेर टोलटोलमा पुगे ।
केही मानिस आकाश र पाताल जोड्ने गफगाप गरेर बसेका थिए ।

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

८. २०८० ग्रेड वृद्धि परीक्षा प्र.नं. ६ख नेपालको समृद्धिका लागि यहाँ लहलह बाली झुलाउनुपर्छ । सबैका हातहातमा स्वदेशी मुद्रा छनछन बजाउन जनसहभागिता गराउनुपर्छ। यसो भएमा राष्ट्रको निर्माणतर्फ देश हिजोआजको भन्दा तीव्र गतिमा अगिल्तिर बढ्छ ।

९.२०८० कोसी प्र.नं. ६ख ठुलो कान्छाले पञ्चरत्नका गरगहना लगाएर वायुपङ्खी घोडा चढी सरसामान बोकेर आकाशतिर उडिरहेको सपना देख्यो । त्यहाँ सबै घरघरमा बसेका रहेछन् । काम र काज केही नगरेर के खाएका होलान् भनी ऊ चकित भएछ ।

१०.२०८० मधेस प्र.नं. ६ख एक गहुँगोरो युवक पँधेरो माथिबाट आइरहेको थियो । सरसहयोगमा रुचि राख्ने उक्त युवकले पँधेरामा मुखसुख धोएर बसेकी सान्नानीलाई देख्यो। चन्द्रमाको जस्तो मुख भएकी सान्नानी लजाउँदै कान्छाबाको घरतिर लागिन् ।

११. २०८० बागमती प्र.नं. ६ख चौबाटोमा बसेर गफसफ गरेरै दिन कटाउने र कसैको सरसल्लाह नसुन्ने हाम्रा ठुलो दाइ पनि आज भोलि घर घरका दैलामा पुगेर छरछिमेकीलाई कसैको कृपापात्र नबनी कामकाजमा लाग्न प्रेरणा दिइरहेका छन् ।

हेमन्त पराजुली, श्री भगवती माध्यमिक विद्यालय, मिर्मी,स्याङ्जा

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

१२. २०८० गण्डकी प्र.नं. ६ख मैले पूजाको थालीबाट सयपत्री र लालुपाते निकालेँ। त्यही समयमा डाँडामा घर भएका काका टुप्लुप्क आउनुभयो । उहाँले हामीलाई हात हातमा प्रसाद दिएर ससाना टीकासिका पनि लगाइदिनुभयो ।

१३. २०८० लुम्बिनी प्र.नं. ६ख नियमपूर्वक व्रत बसी आजभोलि पनि यसरी धर्म र कर्ममा लागेका धर्मानन्दको स्वभावलाई देखेर हामी आआफ्नो बाटो लाग्यौं । अलि पर पुगेर हेर्दा उनी पनि पछि पछि,आउँदै रहेछन्। उनको धर्मकर्मप्रतिको आस्थालाई सबैसम्म पुऱ्याउन उपयुक्त ठानी घरघरै पुग्यौँ ।

१४. २०८० कर्णाली प्र.नं. ६ख चारकोसे झाडीमा लामो पुच्छर भएको मात्र होइन, चार पाउ भएका पनि प्रशस्त छन् । हिजोआज हृष्टपुष्ट, कामचोर पनि भेटिन्छन् । तसर्थ छिटोछिटो भातसात कपाकप खाएर अरूसँग भैझगडा नगरी सरसामान बोकेर आफ्नै काममा लाग्नुपर्दछ ।

१५. २०८० सुदूरपश्चिम प्र.नं. ६ख नेपाल प्राकृतिक सौन्दर्यले परिपूर्ण देश हो। हामी सबै आ–आफ्नो क्षेत्रबाट देशको विकासमा लाग्नुपर्छ । राष्ट्रको हित भए मात्र हाम्रो पनि हित हुन्छ त्यसैले एक आपसमा सरसहयोगको भावना राखी सबैको लोकप्रिय बनौँ ।

# एसइइ परीक्षाको प्रश्न नं ६ ख मा सोधिने प्रश्न

१६. अबको संस्कृति अनुमान र अन्धविश्वासको झझल्कोमा मात्र हैन ठुल्ठुला र ससाना सबै मानवको हितका लागि र विज्ञानसम्मत हुन आवश्यक छ ।

१७. मृगनयनी उनको आकर्षक नयन देखेपछि सबै लोभिन्छन्, झनै टहटह बलेको चन्द्रभै मुख भएकी उनले विद्यारूपी धन आर्जन गरेकाले उनका वर र पर पर्न लुसुक्कलुसुक्क नखोज्ने कमै मात्र होलान् ।

१८. कक्षा नौका छात्र र छात्राहरूले कक्षाकोठा सफा गरेको देखेर गुरुआमा मुसुक्क मुस्कुराउँदै प्रधानाध्यापकलाई भन्नुभयो । “यी ठाउँठाउँबाट आएका स–साना बालबालिका बगैंचाका सुन्दर फूल जस्ता छन् ।”